# तेईसौ वार्षिक साधारण सभाको निर्णय (माईन्युट) को विवरण

## महालक्ष्मी विकास बैंक लिमिटेड
## केन्द्रीय कार्यालय
## दरबारमार्ग, काठमाडौ

## महालक्ष्मी विकास बैंक लिमिटेडको तेईसौ वार्षिक साधारण सभाको निर्णय

१ कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम यस महालक्ष्मी विकास बैंक लि.को तेईसौ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल र निर्णय गरियो ।

२ **सभाको मिति, समय र स्थान**

मिति : २०८१ साल पौष महिना २९ गते सोमबार (तद्अनुसार १३ जनवरी, २०२५) ।

समय : विहान १० बजे ।

स्थान : Alice Receptions (एलिस रिसेप्सन्स), सुवर्ण सम्शेर मार्ग, गैह्रीधारा काठमाडौं ।

सभा सम्पन्न् : बिहानको ११:२५ बजे

३. **सभाको सूचना प्रकाशन**

(क) यस बैंकको संचालक समितिको मिति २०८१/०९/०५ (तद्अनुसार २० डिसेम्बर, २०२४) गते बसेको सञ्चालक समितिको ६११ औ बैठकको निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको प्रतिबेदन सहितको वार्षिक साधारण सभाको सूचना शेयरधनी महानुभावहरुले उपलब्ध गराएको ठेगानामा पठाई सो बमोजिमको जानकारीका लागी बैंकको वेभसाईड www.mahalxmibank.com मा राखीएको र मिति २०८१/०९/०८ गतेको अन्नपूर्ण राष्ट्रिय दैनिक तथा पुन: मिति २०८१/०९/१४ गतेको अभियान राष्ट्रिय दैनिक पत्रीकामा विषयसुची सहितको सूचना र कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिमको संक्षिप्त वार्षिक आर्थिक विवरण शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित भएको थियो ।

(ख) कम्पनी ऐन २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, कम्पनीको वित्तीय विवरणहरु, साधारण सभा बस्ने बारेको प्रकाशित सार्बजनिक सूचनामा शेयरधनीहरुको जानकारीका लागी कम्पनी ऐन २०६३ को दफा ८४ को प्रयोजनार्थ वित्तीय विवरण समेत प्रकाशित गरिएको साथै शेयरधनीहरुको ठेगानामा समेत पठाईएको थियो ।

(ग) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थितिका लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि, र श्री सिडिएस एण्ड क्लियरीङ्ग लि.लाई अनुरोध गरी पत्राचार गरिएको ।

(घ) आमन्त्रितको रुपमा लेखापरीक्षक J.B.Rajbhandary & Dibins, Chartered Accountants लाई अनुरोध गरी पत्राचार गरिएको ।

४. **छलफलका बिषयहरु**

**(क) सामान्य प्रस्तावहरु :–**

(१) अध्यक्षज्युको मन्तव्य सहित तेईसौ वार्षिक साधारण सभा (आ.व.२०८०/०८१) को प्रयोजनका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्तको वासलात तथा आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाव एवं सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँड हिसाव, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध वित्तीय विवरण सहितका अनुसूचीहरु पारित गर्ने ।

(३) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८०/०८१ को वितरणयोग्य मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पूँजी रु.४,१७,१३,१८,६००/– (चार अर्व सत्र करोड तेह्र लाख अठार हजार छ सय मात्र) को ४ प्रतिशतले हुने रु.१६,६८,५२,७४४/–(अक्षरेपी सोह्र करोड अठसठ्ठि लाख वाउन्न हजार सात सय चौवालिस मात्र) नगद लाभांश (लाभांशमा लाग्ने कर प्रयोजनार्थ समेत) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने ।

(५) सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।

**(ख) <u>बिशेष प्रस्तावहरु</u> :–**

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८०/०८१ सम्मको वितरणयोग्य मुनाफा रकमबाट शेयरधनीहरुलाई हाल कायम रहेको चुक्ता पूंजीको ३ प्रतिशतका दरले हुन आउने रकम रु.१२,५१,३९,५५८/-(अक्षरेपी बाह्र करोड एकाउन्न लाख उनान्चालिस हजार पाँचसय अन्ठाउन्न मात्र) बराबरको बोनस शेयर बितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(२) बोनस शेयर जारी भए पश्चात जारी तथा चुक्ता पूँजी वृद्धि गर्न पारित भए अनुसार प्रबन्धपत्रको दफा ५ (ख), (ग), संशोधन/परिमार्जन गर्ने, सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि गर्ने प्रस्ताव पारित भए पश्चात नियमावलीको नियम २९ (ख) को (१) (२) र नियम २९ (घ) को (अ) (आ) समेतका दफा, नियमहरुमा संशोधन/परिमार्जन गर्ने ।

(३) विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउँदा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन, परिवर्तन, वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम विकास बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

## ५. <u>सभामा उपस्थिति</u>

**(क) <u>सञ्चालकहरुको उपस्थिति</u>**

| | |
|---|---|
| श्री राजेश उपाध्याय | अध्यक्ष |
| श्री संजय गिरी | (अ) सञ्चालक |
| श्री दिपक कुमार रौनीयार | सञ्चालक |
| श्री श्याम सुन्दर रुङ्गटा | सञ्चालक |
| श्री रुपेन्द्र पौडेल | सञ्चालक |
| श्री राहुल अग्रवाल | सञ्चालक |
| श्रीमती अम्बिका श्रेष्ठ | सञ्चालक |

**(ख) <u>अन्य पदाधिकारीको उपस्थिति</u>**

| | |
|---|---|
| श्री दिपेश लम्साल | प्रमुख कार्यकारी अधिकृत |
| श्री सोमराज पन्त | कम्पनी सचिव |
| श्री ध्रुवराज तिवारी | नायब प्रमुख कार्यकारी अधिकृत |
| श्री जलज कुमार अधिकारी | सहायक प्रमुख कार्यकारी अधिकृत |
| श्री अमित बहादुर चन्द | सहायक प्रमुख कार्यकारी अधिकृत |
| श्री अनुज आचार्य | सहायक प्रमुख कार्यकारी अधिकृत |
| श्री सुभाष जोशी | का.मु.सहायक प्रमुख कार्यकारी अधिकृत |

(ग) **नियमन निकायहरु तथा संस्थागत प्रतिनिधिहरु**

सहायक रजिष्ट्रार श्री उन्नती अधिकारी — कम्पनी रजिष्ट्रारको कार्यालय

सहायक प्रवन्धक श्री साधना झा — प्रतिनिधि - कर्मचारी संचय कोष

(घ) **शेयरधनीहरुको उपस्थिति**

१. उपस्थित शेयरधनीहरुको संख्या : ४४६ जना

(क) शेयरधनी स्वयम्‌बाट : २९९ जना

(ख) प्रतिनिधि (प्रोक्सी) बाट : १४७ जना

२. शेयरधनीहरुको उपस्थिति प्रतिशत : ०.४६४१ प्रतिशत

३. शेयरको प्रतिनिधित्व संख्या : २,१८,११,३७८ कित्ता

४. शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ५२.२८८९ प्रतिशत अर्थात ४४६ जना

(ङ) यस सभाको मिति २०८१/०९/१४ गते सम्म शेयर कारोबार भई सहभागी हुन पाउने शेयरधनीहरु संस्थापक तथा सर्वसाधारणको कुल संख्या ९६,०९० मध्ये शेयरधनीहरुको स्वयम् उपस्थितिबाट २९९ जना तथा प्रतिनिधि (प्रोक्सी) मार्फत १४७ जनाको उपस्थिति रहेको थियो ।

६ **गणपुरक संख्या**

| बिवरण | कुल संख्या | स्वयम् उपस्थिति | प्रतिनिधि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ९६,०९० | २९९ | १४७ | ४४६ | ०.४६४१ |
| कम्पनीको शेयर संख्या | ४,१७,१३,१८६ | २३,२७,८७१ | १,९४,८३,५०७ | २,१८,११,३७८ | ५२.२८८९ |

७. **सभाको बैधानिकता तथा सभापतित्व :-**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम विकास बैंकको तेईसौ वार्षिक साधारण सभा बोलाईएको र कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा विकास बैंकको नियमावलीको नियम (५) बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित भएमा गणपुरक संख्या पुग्ने प्रावधान रहे अनुरुप शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या उपरोक्त ऐन र बैकको नियमावलीमा उल्लेख भए बमोजिम प्रचलित कानुन अनुसार सञ्चालन भएको साधारण सभामा गणपुरक संख्या पुगेको व्यहोरा अध्यक्षको आदेशानुसार कम्पनी सचिवले सभालाई अवगत गराउनु भए पश्चात सभाले गणपुरक संख्या पुगेको मन्जुर गर्दै पुर्व सूचित सभाको निर्धारित बिषयसूचीको क्रमानुसार जान र तत सम्बन्धमा बैंकको नियमावली तथा प्रचलित कानुन बमोजिम सभा सञ्चालन गरी कारबाही बढाउन सभाले अनुमति दियो ।

८. **सभाको अध्यक्षता र सभा सञ्चालन**

कम्पनी ऐन २०६३ को दफा ७४ को उपदफा १ बमोजिम साधारण सभाको अध्यक्षता बैंक सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायज्यूबाट भयो । कम्पनी सचिवले अनुरोध गरे बमोजिम अध्यक्ष, सञ्चालकहरु लगायतका पदाधिकारीले सभामा आसन ग्रहण गर्नु भयो । तत् पश्चात अध्यक्षज्यूबाट सभा सञ्चालन गर्नु भयो ।

९. **शेयरधनीहरुको स्वागत**

विकास बैंकको तर्फबाट सञ्चालक समितिका अध्यक्ष तथा यस सभाका अध्यक्षज्यू अनुमती लिई कम्पनी सचिवले सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्नु भयो ।

१०. **सभाको उद्घाटन**

तेईसौ वार्षिक साधारण सभाको उद्घाटन बैंक सञ्चालक समितिका अध्यक्ष तथा सभाका अध्यक्ष श्री राजेश उपाध्यायज्यूबाट पानसमा दीप प्रज्वलन गरी गर्नु भयो ।

११ **अध्यक्षज्युको मन्तव्यको मुख्य बुदाहरु**

ग्राहकको सन्तुष्टि नै कुनै पनि व्यावसायीक संस्थाको सफलता हो भन्ने कुरालाई मनन् गर्दै बैंकिङ्ग सेवालाई छिटो, छरितो, सबल तथा आधुनिकीकरण बनाउन Digital Transformation योजना कार्यान्वयनमा ल्याई सकिएको छ । सूचना प्रविधि नै आधुनिक बैंकिङ्गको आधारशिला तथा ग्राहक वर्गहरुको सन्तुष्टिको मुख्य आधार भएको कुरालाई मनन् गर्दै सुचना प्रविधिलाई सबल र विश्वसनीय बनाउनका लागि आवश्यक नीति तर्जुमा गरि सुचना प्रबिधि, जोखिम व्यवस्थापन र कर्मचारी व्यवस्थापनलाई सुदृढिकरण गर्दै लगिएको छ ।

बैंकले आफ्ना ग्राहकहरुलाई क्रेडिट कार्ड, डलर कार्डको सेवा प्रदान गरिरहेको छ । अनलाईन खाता खोल्ने प्रणालीको विकास, सोही प्रणालीवाट आफ्ना ग्राहक पहिचान विवरण अद्यावधिक गर्न सकिने समेत व्यवस्था मिलाईएको छ । मानव रहित प्रणालीको विकास गर्नको लागि Automation को प्रकृया अगाडि बढाईएको छ । व्यवस्थापनले छिटो छरितो निर्णय लिनको लागि आवश्यक व्यवस्थापन सूचना प्रणाली MIS लाई स्वचालित बनाईएको छ । सो प्रणाली मार्फत समय समयमा सञ्चालक समितिलाई समेत वित्तीय प्रतिवेदनहरु पेश गर्ने प्रणालीको विकास गरिएको छ । कर्मचारीहरुको कार्यसम्पादन मुल्याकंन गर्ने पद्धतिलाई व्यवस्थित र पारदर्शी बनाएका छौं । *3D Secure* (3DS) *Transactions* (Online credit Card *Secure* & OTP ) लागु गरेका छौं ।

संस्थागत अनुपालना (Corporate Governance) को सुदृढिकरणमा जोड दिदै भबिष्यमा बैंकलाई थप प्रतिष्पर्धि तथा सबल बनाउने सन्दर्भमा व्यवस्थापकिय तहमा अनुभवी कर्मचारीहरु पदपुर्ति समेत गरिएको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

बैंकले दिगो वित्तीय सफलता हासिल गर्नको लागि नीतिगत रुपमा अल्पकालिक तथा दीर्घकालिन रणनीतिहरु तय गरेको छ । उक्त नीति मार्फत बैंकले आफ्नो कारोबारहरु तथा आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाउनका साथै सेवाहरुमा सबलिकरण गरिनेछ । बैंकले व्यावसाय बृद्धि संगै संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्दै समग्र रुपमा बैंकिङ्ग क्षेत्रमा देखिने जोखिम व्यवस्थापन लाई न्यूनिकरण गर्ने तर्फ विशेष ध्यान दिई कार्य अगाडी बढाईरहेको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत समाजसंग जोडिएर काम गर्ने र समुदायहरुको दिगो आर्थिक र सामाजिक विकासको प्रवर्द्धन र उत्थानमा अग्रसर हुने नीतिलाई प्राथमिकतामा राखी बैंकको शाखाहरुबाट बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको र यसलाई निरन्तरता दिईनेछ ।

उत्कृष्ट र विश्वासिलो विकास बैंक बन्ने उद्देश्यका साथै **"सबल बैंक सफल सहकार्य"** भन्ने नारालाई चरितार्थ गर्न बैंकले व्यवसाय बृद्धि, मानव संशाधनको विकास तथा आधुनिकीकरण, कर्मचारीहरुको बृत्ति विकास तथा तालिम, संस्थागत सुशासन, जोखिम व्यवस्थापन, नीति तथा कार्याबिधिको पूर्ण परिपालना, ब्रान्डिङ्गमा जोड, अन्य संस्थाहरुसंगको सहकार्य, लगायतका बिषयहरु समेटि ४ बर्षे रणनीतिक योजना स्वीकृत गरी कार्य अगाडी बढाईसकिएको ब्यहोरा अवगत गराउन चाहन्छु ।

बैंकले नियमनकारी निकायको निर्देशन पूर्ण पालना गर्दै आन्तरिक सुशासनलाई मजबुद बनाउन गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गरी उक्त समिति मार्फत सिफारिस भएका नीतिगत सुधारलाई व्यवस्थापनले प्रभावकारी ढंगले कार्यान्वयन गरिरहेको छ ।

बैंकिङ्ग क्षेत्रमा देखिएका कतिपय प्रतिकूल वातावरणका कारण यस बैंकले अपेक्षाकृत ब्यबसाय बृद्धि गर्न नसकेतापनि संयमतापुर्वक कर्जा लगानी गरेका कारण समिक्षा वर्ष आ.व.२०८०/०८१ को मुनाफा

रकमबाट हाल कायम रहेको चुक्ता पूँजीको ७ प्रतिशत (३ प्रतिशत बोनश शेयर र ४ प्रतिशत नगद लाभांश) ले हुन आउने रु.२९,१९,९२,३०२/-(अक्षरेपी उनन्तीस करोड उन्नाईस लाख बयानब्बे हजार तिनशय दुई मात्र) दिन सफल भएका छौ । सो प्रस्ताव यसै वार्षिक साधारण सभामा पेश गरेका छौ । आर्थिक गतिबिधिमा आएको संकुचनबाट व्याबसाय बृद्धिमा कमि, ब्याज बृद्धि, कर्जा जोखिम ब्यवस्थापनका लागि प्रोभिजिनिङ्गमा बृद्धि भएतापनि यस आ.व.मा सन्तोषजनक लाभांश दिन सक्षम भएका छौं ।
मर्जर पश्चात बैंकले निम्न बमोजिम लाभांश वितरण गरेको व्यहोरा यहांहरुलाई पुन: स्मरण गराउन चाहन्छु ।

| सि.नं | आर्थिक बर्ष | चुक्ता पूंजी (रु) | वोनस शेयर (प्रतिशत) | नगद लाभांश (प्रतिशत) | जम्मा (प्रतिशत) |
|---|---|---|---|---|---|
| १ | २०७३/०७४ | २,६३,३७,९७,४३४/- | - | ९ | ९ |
| २ | २०७४/०७५ | २,६३,३७,९७,४३४/- | ८ | ७ | १५ |
| ३ | २०७५/०७६ | २,८४,४५,०१,२३०/- | ८ | ९.८९ (कर प्रयोजनार्थ समेत) | १७.८९ |
| ४ | २०७६/०७७ | ३,०७,२०,६१,३२८/- | ८.८० | ०.४६ (कर प्रयोजनार्थ) | ९.२६ |
| ५ | २०७७/०७८ | ३,३४,२४,०२,७२४/- | २० | १.०५२६ (कर प्रयोजनार्थ) | २१.०५२६ |
| ६ | २०७८/०७९ | ४,०१,०८,८३,२६९/- | ४ | ६.४७ (कर प्रयोजनार्थ समेत) | १०.४७ |
| ७ | २०७९/०८० | ४,१७,१३,१८,६००/- | - | ६.४ (कर प्रयोजनार्थ समेत) | ६.४ |
| | जम्मा | | ४८.८० | ४०.२७ | ८९.०७ |

कार्यालय प्रयोजनका लागि बैंकको ज्ञानेश्वर स्थित जग्गामा भवन बनाउने कार्य मिति २०८१ मार्ग ५ मा शिलान्यास भई निर्माणको कार्य प्रारम्भ भैसकेको जानकारी गराउन चाहन्छु ।

विदेशी बैंकको अनुभवबाट फाईदा लिई बैंकलाई थप प्रतिष्पर्धि तथा सबल बनाउने सन्दर्भमा उपयुक्त विदेशी बैंक तथा वित्तीय संस्थालाई रणनीतिक साझेदारका रुपमा प्रबेश गराउन २२ औं वार्षिक साधारण सभाबाट स्वीकृत भई बैंकको प्रवन्धपत्रमा समेत अद्यावधिक भई सकेको जानकारी गराउन चाहन्छु ।

समिक्षा वर्ष २०८०/०८१ मा उच्च मूल्य वृद्धि दरको कारण देशको आर्थिक क्रियाकलापहरुमा सुस्तता आई समग्र क्षेत्रहरुको विकासमा कमी आएको छ । मुलत: विप्रेषणको आयमा बृद्धि भएको कारण तरलतामा वृद्धि भएको छ । तुलनात्मक रुपमा ब्याज खर्च बृद्धि भई बैंकको आम्दानीमा संकुचन आएको छ । जसको कारण समग्र व्यवसाय वृद्धिमा कमी देखिएको छ । बैकिङ्ग प्रणालीको निष्कृय कर्जाको अनुपात केही बढेको कारण बैंकहरुमा जोखिमको तह बढेको अवस्था देखिएको छ ।

हाल वित्तीय श्रोतको पर्याप्तताका कारण निक्षेपको ब्याजदरमा गिरावट आई एकल अंकमा ऋणको ब्याजदर कायम भएतापनि बजारमा कर्जाको मागमा वृद्धि हुन नसक्नु चिन्ताको विषय भएको छ । नयाँ व्यवसायहरु संचालनमा आउन नसकेको कारण बैंकमा लगानीयोग्य रकमको मात्रा बढेको छ । जसका कारण कर्जाको ब्याजदरमा समेत दवाव परेको छ । बैंक तथा वित्तीय संस्थाहरु लक्षित आन्दोलन र सामाजिक सञ्जालहरुमा बैंक तथा वित्तीय संस्थाहरु प्रतिको नकारात्मक समाचार सम्प्रेषण र प्रतिक्रियाहरुको कारण कर्जा असुलीमा समेत प्रत्यक्ष प्रभाव पर्न गएको अवस्था छ । यसका वाबजुद सहि ढंगले ब्यवस्थापन गर्दै लैजान बैंक व्यवस्थापन सक्षम रहेको यहाँहरुलाई विश्वास दिलाउन चाहन्छु । बैंकिङ क्षेत्रमा देखिएका कतिपय प्रतिकुल वातावरणका बावजुद पनि बैंकले आफ्ना वित्तीय सूचकाङ्कहरुमा आशा लाग्दो प्रगति गरेको छ ।

कसिलो मौद्रीक नीतिका कारण कर्जाको मागमा संकुचन आउनुको साथै बैंकको गैह्र ब्याज आम्दानीमा कमी देखिएको छ भने ब्याज आम्दानीको ठूलो रकम असुली हुन सकेको छैन । बजार बृद्धि अनुपात न्युन



महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय

रहेको र नियमन निकायहरुको कसिलो नीतिको कारण समेतले मुनाफामा संकुचन आएकोले अत्यावश्यक बाहेक हामिले सम्भव भएसम्म खर्चहरु घटाउने नीति अवलम्बन गरेका छौ । खर्च र पूँजी दुवैको व्यवस्थापनमा कुशलता कायम गरेका कारण बैंकिङ्ग क्षेत्रमा रहेको तीव्र प्रतिस्पर्धाका बीच पनि यस बैंकले वित्तीय क्षेत्रमा आफ्नो सफल तथा फरक पहिचानलाई निरन्तरता दिन सक्षम रहेको जानकारी गराउन चाहन्छु ।

आगामी दिनहरुमा प्राप्त अवसरहरुलाई सहि तरिकाले उपयोग गर्दै ग्राहकहरुको सन्तुष्टि एवं लगानीको उचित प्रतिफल प्रदान गर्न आफ्ना सेवालाई विशिष्टीकरण गर्दै अझै बढी सक्षमताका साथ गुणस्तरिय वित्तीय सेवा प्रदान गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु ।

यस आर्थिक बर्षमा आशातीत ब्यावसाय बृद्धि हुन नसकेतापनि यस बैंकको सबै आधारभुत सुचकाङ्कहरु सबल रहेको तथा "To Be The Most Trusted Bank" भन्ने हाम्रो Vision प्राप्तिको दिशामा बैंक अघि बढिरहेको जानकारी गराउन चाहन्छु ।

**१२ सभामा प्रतिबेदन सहित पेश भएका प्रस्ताव र छलफलका लागी आह्वान**

आज बसेको बैंकको तेईसौं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु हुने कम्पनीका अध्यक्ष श्री राजेश उपाध्यायज्यूले सभामा उपस्थित सबै महानुभावहरुलाई स्वागत गर्दै आफ्नो मन्तब्य सहित आ.व २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्तको वासलात, तथा आ.ब.२०८०/८१ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु, आर्थिक वर्ष २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण, लगायत सभामा पेश गरिएका सामान्य प्रस्ताव र बिशेष प्रस्तावका बिषयहरु छलफलका लागी सभामा पेश भएकाले सो उपर छलफलमा भाग लिन र यस बैकको कारोबार सम्बन्धी बिबिध पक्षहरुमा आफ्नो विचार मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नका लागी शेयरधनीहरुलाई सामुहिक अनुरोध गर्नुभयो ।

**१३. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु**

यस बैंकको काम कारबाही, बार्षिक हरहिसाब, तथा वार्षिक प्रतिबेदनमा रहेका बिभिन्न प्रस्तावहरु माथि सभामा लिखित सुझाव दिनु हुने र उपस्थित भै आफ्नो भनाई राख्नु हुने शेयरधनी महानुभावहरु निम्न बमोजिम रहनु भएकोछ :

(क) श्री अच्युत राज शर्मा
(ख) श्री गोगन बहादुर पराजुली
(ग) श्री लवराज जोशी
(घ) श्री मीरा धिताल भट्टराई
(ङ) श्री ब्यास कुमार शर्मा
(च) श्री चन्द्र नारायण श्रेष्ठ
(छ) श्री नरसिंह लाल चखूं
(ज) श्रीमती निरुपमा गुप्ता
(झ) श्री सुदिप श्रेष्ठ,
(ञ) श्री दिवाकर खड्का
(ट) श्री उत्तम दत्त पाण्डे
(ठ) श्री उत्सव सुन्दर श्रेष्ठ

उपरोक्त शेयरधनीहरुले सभामा ब्यक्त गर्नु भएको राय, सल्लाह, सुझाव तथा लिखित रुपमा पेश गर्नु भएको राय सुझावहरु समष्टिगत रुपमा निम्न बमोजिम रहेको छ :-

यस्तो बिषम परिस्थितिमा समेत यस बैंकले मुनाफा कमाई ३ प्रतिशत बोनस शेयर र ४ प्रतिशत नगद लाभांश दिन सफल भएकोमा यस बैंकका सम्पूर्ण मेहनती कर्मचारीहरु, व्यवस्थापन तथा सञ्चालक समितिलाई धन्यवाद सहित बधाई दिन चाहन्छौं । साथै आगामी बर्षहरु समेत थप चुनौतीपूर्ण रहेको यथार्थ तर्फ ध्यान आकर्षित गर्दै सफलता मिलोस भन्ने शुभकामना ।

बैंकले विगत बर्षहरुमा जस्तै यस बर्ष पनि आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्रै ऐनले तोकेको समयसिमा भित्र वार्षिक साधारण सभा सम्पन्न गरेकोमा धन्यवाद ज्ञापन गर्दछु । संस्थाले गतबर्ष भन्दा यस बर्ष बढी लाभांश दिन सकेकोमा धन्यवाद ।

समिक्षा अवधि बैंक तथा वित्तीय संस्थाहरुको लागि ज्यादै असहज र चुनौतिपूर्ण रहेको तथ्य सबैलाई विदितै छ । कतिपय नेताहरुको गैरजिम्मेवार अभिव्यक्तिका कारण कर्जा असुली प्रक्रियामा अवरोध भई कम्पनीको मुनाफा खुम्चेको मात्र नभई नकारात्मक समेत हुन पुगेको छ । समिक्षा अवधिमा Liquidity Excess, Loan को demand घट्नु तथा Margin र Base Rate समेत घटाउनु परेको, राज्यले ठेकेदार कम्पनीहरुलाई भुक्तानी दिनु पर्ने रकमहरु भुक्तानी दिन नसकेको जस्ता अस्वभाविक कारणहहरुबाट कर्जा असुली चुनौतिपूर्ण मात्र नभई खराब कर्जाको समुचित व्यवस्थापन हुन नसकि NPA हरु बढ्न गएको कारण कतिपय बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना लगानीकर्ताहरुलाई प्रतिफल दिन नसकेको मात्र नभई घाटा समेत व्यहोरेको अवस्था देखिन्छ ।

प्रस्तावहरुमा हाम्रो समर्थन रहेको छ, आगामी बर्ष कम्पनीलाई प्रगतितर्फ डोऱ्याउन यहांको रणनीति, योजनाको सम्वन्धमा छोटो जानकारी गराई दिनु अनुरोध गर्दछु । सामाजिक उत्तरदायीत्व अन्तर्गतको खर्च सही स्थानमा प्रयोग गर्न, कर्जा लगानीमा सावधानी अपनाउन, ब्राण्डिङमा जोड दिन, NPL घटाउन, Recovery Team लाई बलियो बनाउन, समय अनुसार Policy, Plan र Strategy change गर्न, HR Efficiency मा जोड दिन अनुरोध गर्दछु । Base Rate बढी हुन गएकोले कर्जाको मागमा कमि आएको हुनुपर्छ यसलाई घटाउन, विगत बर्षहरुमा बैंकले वितरण गरेको लाभांश रकम शेयरधनीहरुले बुझिलिन बांकी रहेको देखिएकोले यसलाई शेयरधनीहरुले नै पाउने व्यवस्था मिलाउन अनुरोध गर्दै नेपाल राष्ट्र बैंकको निर्देशनको पूर्ण पालना गर्न अनुरोध गर्दछौं ।

कर्जा अपलेखन गर्नु भन्दा असुली तर्फ जोड दिन, निष्कृय कर्जा घटाउन, कर्जा असुलीको लागि Task Force बनाई असुली प्रक्रिया अगाडी बढाउन अनुरोध गर्दछौं ।

१४ **शेयरधनीहरुको जिज्ञासा उपर अध्यक्षज्यूबाट जबाफः**

यस सम्वन्धमा शेयरधनीहरुले आ–आफ्नो सल्लाह, सुझाव, मन्तब्य राख्ने कार्य समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनीहरुबाट प्राप्त अमुल्य सल्लाह, सुझाव प्रति धन्यवाद दिदै प्राप्त सल्लाह, सुझाव बमोजिम बैंक अगाडि बढने विश्वास दिलाउंदै सभामा उठेका प्रश्नहरुको निम्न बमोजिम जवाफ दिनु भयो ।

बैंकको रिजर्भमा बढी रकम भएमा हामी अझ बढी बलियो र सक्षम बन्न सक्छौं । ने.रा.बैंकको निर्देशन तथा प्रोभिजनमा केही रकम छुट्याउनु परेको कारण यो बर्षको आम्दानीमा केही कमी आएको हो, जस्ले गर्दा लाभांशको दर केही घट्न गएको भएतापनि आगामी बर्षहरुमा हामी दोहोरो अंकमा शेयरधनीहरुलाई लाभांश वितरण गर्न प्रयासरत हुनेछौ । बैंकको कर्जा असुलीलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेका छौं । बजारमा धेरै तरलता हुंदा केही व्यापार अन्य बैंक बित्तीय संस्थामा गएतापनी यस बैंकको नीति बमोजिम त्यस्ता कर्जाहरु सहज अवस्थामा ल्याईसकेका छौ । बैंकको प्रमुख कार्यकारी अधिकृतमा यस बैंकमा लामो समय अनुभव प्राप्त भएका व्यक्ति नियुक्त हुनु भएको र वहा आए पश्चात व्यापार, ब्याबसायमा केही बृद्धिको संकेत देखिन थालेको छ । बैंकको प्रमुख उदेश्य भनेको नाफा बृद्धि

गरी शेयरधनीहरुलाई उचित प्रतिफल दिने नै हो । त्यस अनुरुप गैर बैंकिङ सम्पत्ति बिक्री, तथा NPA घटाउन योजना बनाई व्यवस्थापनले कार्य गरीरहेकाले NPA घटने र गैर बैंकिङ सम्पत्ति बिक्री हुने क्रममा रहेकोले सो बाट प्राप्त रकम रिर्जभमा जाने र नाफामा समावेश हुने भएकाले त्यस तर्फ विशेष जोड दिएका छौ । गैर बैंकिङ सम्पत्ति बिक्रीको सूचना, बिक्री गरिने जग्गाको लोकेशन तथा नक्शा समेत सर्वसाधारणले हेर्न र बुझ्न सक्ने गरी MLBL AUCTION CENTRE वेभसाइट सञ्चालनमा ल्याईएको छ । मानब संसाधन बैंकको मेरुदण्ड भएकाले राम्रो कर्मचारीहरुलाई Incentive बितरण गर्ने नीति लिइएको र तालीमको उचित प्रबन्ध मिलाईएको छ ।

संस्थागत सामाजिक उत्तरदायीत्वका सम्वन्धमा नियमन निकायको निर्देशन बमोजिम उचित ठाउंमा परिचालन गरिएको अन्य संस्थाहरु भन्दा यस्ता कार्यमा हामी अगाडी नै भएकोले सर्वसाधारणमा यस बैंकको शाख वृद्धि भएको छ । कर्जा असुलीको लागि Task Force बनाई असुली प्रक्रिया अगाडी बढाई सकिएको, अन्य विभागका कर्मचारीहरु समेतलाई कर्जा असुलीका लागी सम्वन्धित क्षेत्रहरुमा खटाईएको छ । साथै खराव कर्जा असुलीका लागि डोल्मा कन्सल्टेन्सी लिमिटेडसंग सहकार्य अगाडी बढाईएकोछ ।

व्यवसाय विस्तार र आगामी दिनमा बैंकलाई प्रगतीतर्फ डोऱ्याउने सम्वन्धमा यस बैंकले ४ बर्षे रणनीतिक योजना स्वीकृत गरी कार्य अगाडी बढाई सकिएको व्यहोरा पुनःस्मरण गराउन चाहन्छु । नेपाल राष्ट्र बैंक लगायतका नियमन निकायबाट प्राप्त निर्देशनहरु अक्षरस पालना गरिएका छन् भने सामान्य खालका मुद्दाहरु बाहेक बैंक विरुद्ध थप दायीत्व श्रृजना हुने प्रकृतिका मुद्दा मामिलाहरु नभएको जानकारी गराउन चाहन्छु ।

शेयरधनीहरुको उचित सल्लाह, सुझावले आगामी दिनमा बैंकले अझै प्रगति गर्दै जानेछ भन्ने बिश्वास लिदै शेयरधनीहरुले साधारण सभामा उपस्थित भै आफ्नो अमूल्य समय दिई बैंकलाई गहकिलो सल्लाह, सुझाव दिनु भएकोमा बैंक, बैंक सञ्चालक समिति तथा मेरो तर्फबाट समेत धन्यवाद दिन चाहन्छु । यहाहरुको सल्लाह, सुझावलाई आत्मसाथ गरी अगाडि बढ्नेछौं । अन्तमा उपस्थित शेयरधनी महानुभावहरु, बैंकका सञ्चालक, कर्मचारी वर्ग, नियमन निकायका प्रतिनिधिहरु, लेखापरिक्षक, शेयर रजिष्ट्रार, पत्रकार लगायत सबैलाई धन्यबाद दिदै सभामा पेश भएका प्रस्तावहरु पारित गरि दिनुहुन आदरणीय शेयरधनी महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछु ।

१५ **छलफलको क्रम समाप्ति :** शेयरधनीहरुले राखेको जिज्ञासा, सल्लाह, सुझावहरुको सम्बन्धमा सभाका अध्यक्षले जबाफ दिनु भए पश्चात अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले छलफलका बिषयबस्तुहरु समाप्त भएको सभालाई जानकारी गराउनु भयो ।

१६ **सभामा पेश भएका प्रस्ताव र पारित निर्णयहरु**

**(क) सामान्य प्रस्ताव**

(१) अध्यक्षज्यूको मन्तब्य सहित तेईसौं वार्षिक साधारण सभा (आ.व.२०८०/८१) को प्रयोजनका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा अध्यक्षज्यूले निर्णयार्थ सभामा पेश गर्नु भएकोमा उक्त प्रस्ताव शेयरधनीहरुबाट छलफल पश्चात सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ मसान्तको वासलात तथा आ.ब. २०८०/८१ को नाफा नोक्सान हिसाव एवं सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध वित्तीय विवरण सहितका अनुसूचीहरु पारित गर्ने सम्बन्धमा पेश भएको प्रस्ताव छलफल पश्चात शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(३) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८०/०८१ को वितरणयोग्य मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पूँजी रु.४,१७,१३,१८,६००/– (चार अर्ब सत्र करोड तेह्र लाख अठार हजार छ सय मात्र) को ४ प्रतिशतले हुने रु.१६,६८,५२,७४४/–(अक्षरेपी सोह्र करोड अठसठ्ठि लाख वाउन्न हजार सात सय चौवालिस मात्र) नगद लाभांश (लाभांशमा लाग्ने कर प्रयोजनार्थ समेत) वितरण गर्ने प्रस्ताव छलफल पश्चात शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(४) कम्पनी ऐन २०६३ को दफा १११ तथा बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुंदा वाह्‍य लेखापरीक्षक श्री J.B.Rajbhandary & Dibins, Chartered Accountants ले यस बैंकको तीन आर्थिक वर्षको लेखापरीक्षण गरीसक्नु भएको हुनाले लेखापरीक्षण समितिबाट आर्थिक वर्ष २०८१/८२ को लागि निम्न लेखापरीक्षक मध्ये श्री PKF T.R. Upadhya & Co लाई वाह्‍य लेखापरीक्षकमा नियुक्ति गर्ने र पारिश्रमिक बापत निम्न रु.२०,००,०००/– (बिस लाख मात्र) (कर बाहेक) भुक्तानी दिने सिफारिस सहितको प्रस्तावलाई छलफल पश्चात शेयधनीहरुबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

| S.N | Details of Vendor | Proposed Audit Fee |
|---|---|---|
| 1 | P. Regmi & Associates Chartered Accountants | • Annual Audit Fee NPR 2,200,000/-, exclusive of VAT and Out of Pocket expenses |
| 2 | S.A.R Associates Chartered Accountants | • Annual Audit Fee NPR 2,500,000/- exclusive of VAT, and Out of Pocket expenses. |
| 3 | PKF T.R. Upadhya & Co | • Annual Audit Fee NPR 2,000,000/-,<br>• External Audit fees inclusive of all reports as directed by NRB and other regulatory bodies to be verified/ reported by the External Auditor :<br>**<u>Inclusive</u>**<br>• All out of pocket expenses.<br>• Certification of tax audit,<br>• Long form audit report,<br>• Certification of section 78 of companies Act,<br>• Compliance Report,<br>• Audit Opinion on the Financial Statements,<br>• Preliminary Audit Report.<br>• Exclusive of VAT |

(५) सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि गर्ने सम्बन्धी निम्न बमोजिमको प्रस्तावलाई *(२१ औं तथा २२ औं वार्षिक साधारण सभामा पेश गरेको प्रस्तावलाई नै प्रस्ताव गरिएको)* छलफल पश्चात शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**<u>सञ्चालकको बैठक भत्ता र अन्य सुविधा सम्बन्धी व्यवस्थाः</u>**

**नियम २९** (ख):– समितिको बैठकमा उपस्थित भए, वापत संचालकले पाउने बैठक भत्ता र सुबिधा देहाय बमोजिम हुनेछ ।

(१) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकले पाउने बैठक भत्ता क्रमस रु.१५,०००/-(अक्षरेपी पन्ध्र हजार मात्र) र रु.१३,००००/– (अक्षरेपी तेह्र हजार मात्र) हुनेछ ।

(२) अध्यक्ष र सञ्चालकहरुलाई टेलिफोन सुबिधा बापत मासिक रु.४,०००/– (अक्षरेपी चार हजार मात्र), पत्रपत्रिका सुबिधा वापत मासिक रु.३,०००/– (अक्षरेपी तिन हजार मात्र), र ईन्टरनेट सुबिधा बापत मासिक रु.४,०००/–(अक्षरेपी चार हजार मात्र) रकम प्रदान गरीनेछ ।

**सञ्चालकको दैनिक भत्ता, भ्रमण खर्च र अन्य सुविधा सम्बन्धी व्यवस्था:**

**नियम २९.** (घ) विकास बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सुविधा देहाय बमोजिम हुनेछ :–

(अ) स्वदेशमा दैनिक भत्ता रु.१२,०००/–, भारतमा दैनिक भत्ता भारु.१२,०००/–, भारत बाहेकका अन्य बिदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर ३०० (तीन सय डलर मात्र) ।

(आ) विकास बैंकको कामको सिलसिलामा अध्यक्ष तथा सञ्चालक स्वदेश तथा बिदेश भ्रमणमा जानुपर्ने भएमा परिबहन खर्च, हवाई टिकट, भिषा शुल्क, र अन्य खर्च बिल बमोजिमको रकम हुनेछ ।

**(ख) बिशेष प्रस्तावहरु :–**

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०८०/०८१ सम्मको बितरण योग्य मुनाफा रकमबाट शेयरधनीहरुलाई हाल कायम रहेको चुक्ता पूंजी रु.४,१७,१३,१८,६००/– (चार अरब सत्र करोड तेह् लाख अठार हजार छ सय मात्र) को ३ प्रतिशतका दरले हुन आउने रकम रु. रु.१२,५१,३९,५५८/-(अक्षरेपी बाह्र करोड एकाउन्न लाख उनान्चालिस हजार पाँचसय अन्ठाउन्न मात्र) बराबरको बोनस शेयर बितरण गर्ने प्रस्ताव छलफल पश्चात सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(२) बोनस शेयर जारी भए पश्चात जारी तथा चुक्ता पूँजी वृद्धि गर्न पारीत भए अनुसार प्रबन्धपत्रको दफा ५ (ख), (ग), संशोधन तथा परिमार्जन गर्ने, सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुविधा बृद्धि गर्ने प्रस्ताव पारीत भए पश्चात नियमावलीको नियम २९ (ख) को (१) (२) नियम २९ (घ) को (अ) (आ) समेतका दफा, नियमहरुमा संशोधन/परिमार्जन गर्ने निम्न बमोजिमको प्रस्ताव छलफल पश्चात शेयधनीहरुबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**प्रबन्धपत्रमा भएको संशोधन,तथा परिमार्जन सम्बन्धी ब्यवस्थाहरु**

**५. बिकास बैकको पूँजीको संरचना :**

**दफा ५ (ख)** विकास बैंकको जारी पूँजी रू.४,२९,६४,५८,१५८/–(अक्षरेपी चार अर्व उनान्तीस करोड चौसट्ठी लाख अन्ठाउन्न हजार एक सय अन्ठाउन्न मात्र) हुनेछ । सो पुँजी लाई प्रति शेयर रु.१००/-दरका ४,२९,६४,५८१.५८ (चार करोड उनान्तीस लाख चौसट्ठी हजार पाँच सय एकासी दशमलव पाँच आठ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ५ (ग)** विकास बैंकको चुक्ता पूँजी रू.४,२९,६४,५८,१५८/– (अक्षरेपी चार अर्व उनान्तीस करोड चौसट्ठी लाख अन्ठाउन्न हजार एक सय अन्ठाउन्न मात्र) हुनेछ ।

**नियमावलीमा भएको संशोधन, तथा परिमार्जन सम्बन्धी ब्यवस्थाहरु**

**नियम २९ (ख)** समितिको बैठकमा उपस्थित भए वापत संचालकले पाउने बैठक भत्ता र सुविधा देहाय बमोजिम हुनेछ ।



महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय

(१) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकले पाउने बैठक भत्ता क्रमशः रु.१५,०००/- (अक्षरेपी पन्ध्र हजार मात्र) र रु.१३,०००/–(अक्षरेपी तेह्र हजार मात्र) हुनेछ ।

(२) अध्यक्ष र सञ्चालकले टेलिफोन सुबिधा बापत मासीक रु.४,०००/– (अक्षरेपी चार हजार मात्र), पत्रपत्रीका सुबिधा बापत मासीक रु.३,०००/–(अक्षरेपी तिन हजार मात्र) र इन्टरनेट सुबिधा बापत मासीक रु.४,०००/– (अक्षरेपी चार हजार मात्र) रकम प्रदान गरीनेछ ।

**नियम २९ (घ)** विकास बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सुबिधा देहाय बमोजिम हुनेछ ।

(अ) स्वदेशमा दैनिक भत्ता रु.१२,०००/–(अक्षरेपी बाह्र हजार मात्र) भारतमा दैनिक भत्ता भा रु.१२,०००/– (अक्षरेपी बाह्र हजार मात्र) भारत बाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर ३०० (तीन सय डलर) ।

(आ) विकास बैंकको कामको सिलसिलामा अध्यक्ष तथा सञ्चालक स्वदेश तथा विदेश भ्रमणमा जानुपर्ने भएमा परिबहन खर्च, हवाई टिकट, भिषा शुल्क, र अन्य खर्च रकम बिल बमोजिमको हुनेछ ।

(३) विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउँदा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/परिवर्तन वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम विकास बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव छलफल पश्चात शेयधनीहरुबाट सर्बसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**(ग) विविध** : छलफल गरीने बिषयहरु नभएको ।

१७ **धन्यबाद तथा सभा समापन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुले सभामा सक्रिय रुपमा सहभागी भई बैंकको काम कारबाहीका सम्वन्धमा बैंकलाई गहकिला सुझाव, सल्लाह दिनु भई सभामा पेश भएका सामान्य र बिशेष प्रस्ताव पारित गर्नु भएकोमा उहांहरु प्रति आभार प्रकट गर्दै सभामा उपस्थित हुनु भएका सञ्चालक, बैंक ब्यवस्थापन, कर्मचारीहरु, आफ्नो अमुल्य समय दिई उपस्थित हुनु हुने शेयरधनी महानुभावहरु लगायत नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लि.तथा विभिन्न संघसंस्थाहरू, लेखापरीक्षक, शेयर रजिष्ट्रार (सिद्धार्थ क्यापिटल लि.), पत्रकारहरु लगायतलाई पुनःहार्दिक धन्यबाद दिदै अध्यक्षज्यूको अनुमतीलिई कम्पनी सचिवले आजको तेईसौ वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

सोमराज पन्त
(कम्पनी सचिव)

महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय

राजेश उपाध्याय
(अध्यक्ष–सञ्चालक समिति)